# लम्कीचुहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### पशु सेवा शाखा
भल्का, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

☎ ०९१-४११०११
🖷 ०९१-४११०१४
सन्देश सूचना वोर्ड: १६१८०९९४११०४
इमेल: lamkicm@gmail.com
इमेल: pasusakhalamki@gmail.com
वेवसाइट: lamkichuhamun.gov.np

प.सं.:२०८०।०८०
च.नं.: ६३

मिति:-२०८०/१२/०४

**विषय:- सूचना टाँस गरि दिने बारे।**

**श्री वडा कार्यालय (सबै)**
**लम्कीचुहा नगरपालिका, कैलाली।**

प्रस्तुत विषय सम्बन्धमा यस लम्कीचुहा नगरपालिका पशु सेवा शाखाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक पशुपंक्षी विकास कार्यक्रम बमोजिम ***वर्षे घाँस खेती बाजरा तथा सुडान घाँसको बीउ वितरण कार्यक्रम*** सम्वन्धि सूचना थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको छ। उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरिदिन हुन अनुरोध छ।

..........................
माधव कुमार जैशी
नि.प्रमुख प्रशासकीय अधिकृत

# लम्कीचुहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
भल्का, कैलाली
सुदुरपश्चिम प्रदेश,नेपाल

☎०९१-४११०१५
📠०९१-४११०१४
सन्देश सूचना बोर्ड:१६१८०९१४११०४
इमेल:lamkicm@gmail.com
इमेल:pasusakhalamki@gmail.com
वेवसाइट:lamkichuhamun.gov.np


प.सं.:२०८०/०८१
च.नं.:

## वर्षे घाँसबाली बाजरा तथा सुडान घाँसको बीउ वितरण कार्यक्रमको लागि आवेदन पेश गर्ने सम्वन्धि सूचना

### प्रथम पटक प्रकाशित मिति:- २०८०।१२।०४

आ.व. २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"वर्षे घाँसको बीउ खरिद वितरण कार्यक्रम"** बमोजिम यस नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका वर्षे घाँसखेती गर्न ईच्छुक ***व्यवसायिक पशुपालन फर्म/ कृषक समूह***ले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र लम्कीचुहा नगरपालिकाको पशु सेवा शाखामा वर्षे घाँसको बीउ (बाजरा,सुडान) प्राप्तिका निमित्त देहायका कागजात सहित आवेदन दर्ता गर्न हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु:-**

१. अनुसूची-२ बमोजिमको निवेदन पेश गर्नु पर्नेछ ।
२. व्यवसायिक पशुपालन फर्म/समूहले नवीकरण गरेको प्रमाण-पत्रको प्रतिलिपी तथा निर्णयको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
३. आवेदकको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।
४. घाँसखेती गरिने जग्गाको स्पष्ट क्षेत्रफल खुलेको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपी तथा प्रति जग्गाको हकमा तिरो तिरेको रसिदको प्रतिलिपी ।
५. आ.व. २०८०।०८१ को सम्पत्ति कर बुझाएको रसिदको प्रतिलिपी ।
६. जग्गा भाडामा (लिज) लिएको भए कम्तिमा ५ वर्षको आधिकारिक करारनामा वा सम्झौता पत्रको प्रतिलिपी ।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
८. घाँस खेती गर्न चाहेको जमिनको स्पष्ट क्षेत्रफल निवेदनमा समेत (कठ्ठा/ बिगाहा) उल्लेख गर्नु पर्नेछ ।
९. घाँसखेती सम्वन्धी तालिम लिएको भए सोको प्रमाण-पत्रको प्रतिलिपी ।

नोट:- निवेदनको ढाँचा अथवा अनुसुची-२ यस लम्कीचुहा नगरपालिकाको वेभसाइट www.lamkichuhamun.gov.np बाट डाउनलोड गर्न सकिने वा पशु सेवा शाखाबाट प्राप्त गर्न सकिने छ । अन्य थप जानकारीको लागि मोवाइल नं. ९८४८४५८४७७ मा सम्पर्क गरेर बुझ्न सकिने छ ।

माधव कुमार जैशी
नि. प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची – २
## वर्षे घाँसको बीउ प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

मिति:-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लम्कीचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा, भल्का, कैलाली, सुदुरपश्चिम प्रदेश, नेपाल ।

**विषय : वर्षे घाँस बाजरा,सुडानको बीउ उपलब्ध गराई दिने बारे।**

महोदय,

लम्कीचुहा नगरपालिका, पशु सेवा शाखा, भल्का, कैलालीको मिति २०८०|....|... गतेमा प्रकाशित सुचना अनुसार मलाई वर्षे घाँस (बाजरा,सुडान ) खेती गर्न ईच्छा भएकोले तपसिल अनुसारका कागजातहरु सहित निवेदन साथ संलग्न राखी पेश गर्दछु।

**तपसिल**

१. व्यवसाय / समूह समिति दर्ता प्रमाण पत्रको प्रतिलिपी
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
३. घाँसखेती गरिने जमिनको जग्गाधनी प्रमाण पूर्जा /प्रति जग्गाको हकमा तिरो तिरेको रसिदको प्रतिलिपी
४. आ.व.२०८०।०८१ को सम्पत्ति कर (मालपोत) बुझाइएको रसिदको प्रतिलिपी
५. जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको आधिकारिक करारनामा वा सम्झौता पत्रको प्रतिलिपी
६. घाँसखेती सम्वन्धि तालिम गरेको भए सोको प्रमाण पत्रको प्रतिलिपी
७. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
८. घाँसखेती गरिने जमिनको क्षेत्रफल

**निवेदकको**

नाम :

दस्तखत :

ठेगाना :

मिति:

छाप: